# आमाछोदिङमो गाउँपालिकाको आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यविवरण, २०७७

## १. पृष्ठभूमि

नेपालको संविधानले स्थानीय तहलाई संघीय संरचना अनुरूप एक बलियो स्थानीय सरकारको रूपमा स्थापित गरेको छ। संविधानमा नै स्थानीय तहको एकल र साझा अधिकारहरू परिभाषित छन्। जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरूको समानुपातिक र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढ गर्ने उद्देश्य स्थानीय सरकार ऐन, २०७४ ले राखेको छ। उक्त ऐनको दफा ११ र १२ मा क्रमशः गाउँपालिका तथा नगरपालिका र वडा समितिको काम कर्तव्य र अधिकार तोकिएका छन् भने दफा २४ को उपदफा (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन र दीर्घकालीन योजना बनाई लागू गर्ने स्पष्ट उल्लेख छात्यसैगरी, ऐनको परिच्छेद ९ मा गाउँपालिका/नगरपालिकाको वित्तीय अधिकार क्षेत्रसमेत तोकिएको छ। संविधान र कानुन वमोजिम संघीय र प्रदेश सकारले आवधिक योजना र दिगो विकास लक्ष्यहरू प्राप्त गर्ने मार्गचित्रसमेत तर्जुमा गरिसकेका छन्। संविधानमा व्यवस्था भए अनुसार संघ, प्रदेश र स्थानीय तहवीच सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित विकास प्रकृयालाई स्थानीय तहमा संस्थागत गर्न, उपलब्ध सीमित स्रोतहरूको न्यायोचित वितरण गरी स्थानीय जनताको विकासको चाहनालाई पूरा गर्नको लागि स्पष्ट मार्गचित आवश्यक भएकोले आमाछोदिङमो गाउँपालिकाले आवधिक योजना (आ.व. २०७८/८९- ८३/८४) र आगामी आ.व.को मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने प्रकृयालाई अगाडि बढाएको छ। योग्य परामर्शदाताको सहयोगमा उक्त योजना योजना र खर्च संरचना तर्जुमाको लागि यो कार्यविवरण तयार गरिएको हो।

## २. उद्देश्य

यस कार्यविवरणको मुख्य उद्देश्य आमाछोदिङमो गाउँपालिकाको आवधिक योजना (आ.व. २०७८/८९- ८३/८४) र आगामी आ.व.को मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नको लागि आवश्यक प्रकृयागत मार्गदर्शन प्रदान गर्नु रहेको छ।

## ३. कार्य दायरा र ढाँचा

नेपालको संविधानमा उल्लेखित स्थानीय तहको एकल र साझा अधिकारका सूचीमा उल्लेखित विषयहरू; स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ र १२ मा उल्लेखित काम, कर्तब्य र अधिकारहरू; संघीय र प्रादेशिक आवधिक योजना तथा दिगो विकास लक्ष्यहरू र अन्य नीति तथा कानुनले स्थानीय तहलाई दिएको जिम्मेवारीसमेतलाई मध्यनजर गरी आमाछोदिङमोगाउँपालिकाको आवधिक योजना (आ.व. २०७८/८९- ८३/८४) र आगामी आ.व.को मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नु पर्नेछ। आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमा सामान्यतः राष्ट्रिय योजना आयोगबाट प्राप्त "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५" मा दिइएको ढाँचामा आधारित रहेर गर्नु पर्नेछ। स्थानीय आवश्यकता र प्राथमिकताका अनुसार उक्त ढाँचामा सामान्य परिमार्जन हुन सक्नेछ।

## ४. योजना र खर्च संरचना तर्जुमा विधि

आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमाको चरण, विधि र औजारहरू देहाय बमोजिम हुनेछन्।

**पहिलो चरणः पूर्वतयारी**

यस चरणमा सर्वप्रथम, आवधिक योजना र मध्यमकालीन खर्च संरचनासँग सम्बन्धित अवधारणा तथा नीतिगत व्यवस्थाका विषयमा प्रष्ट हुनु र द्वितीय तहबाट प्राप्त गर्न सकिने आवश्यक सबै सूचना/तथ्याङ्कको सङ्कलन गर्नको लागि परामर्शदाताले तपशिल बमोजिमको दस्तावेजहरूको समीक्षा गर्नु पर्नेछः

- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ र सोको भाग २ मा उल्लेखित दस्तावेजहरू
- ..आमाछोदिङमोगाउँपालिकाका निम्न लिखतहरू
    - आ.व. २०७३/७४ देखि २०७७/७८ सम्मका वार्षिक योजनाहरू
    - हालसम्म तर्जूमा भएका गुरूयोजना, रणनीति र कानुनहरू
    - आ.व. २०७३/७४ देखि २०७६/७६ सम्मका वार्षिक समीक्षा प्रतिवेदनहरू
    - प्रोफाइ र वेबसाइट
    - प्रगति प्रतिवेदन र कार्यालय अभिलेखहरू
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५
- प्रदेश नीति तथा योजना आयोगले तयार गरेको प्रदेशको वस्तुस्थिति विवरण,२०७५
- प्रदेश नीति तथा योजना आयोगले तयार गरेको स्थानीय तहको वस्तुस्थिति विवरण, २०७६
- मन्त्रालय र विभागहरूले प्रकाशन गरेका प्रतिवेदनहरू
- राष्ट्रिय योजना आयोग, प्रदेश नीति तथा योजना आयोग र आमाछोदिङमोगाउँपालिकाले तोकेका अन्य लिखतहरू।

दोश्रोमा, प्रदेश नीति तथा योजना आयोगको सुझावसमेतलाई ध्यानमा राखी आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमाको समय-सीमासहितको मस्यौदा कार्ययोजना तर्जुमा गरी आवधिक योजना तर्जुमा र मध्यमकालीन खर्च संरचना तर्जुमा निर्देशक समितिसमक्ष छलफलका लागि प्रस्तुत गर्नु पर्नेछ। समितिले दिएको सुझावहरूलाई समावेश गरी परिमार्जित कार्ययोजना स्वीकृतिको लागि पुनः समितिसमक्ष पेश गर्नु पर्नेछ। परिमार्जित कार्ययोजनालाई उक्त समितिले स्वीकृत गरेपछि लागू हुनेछ।

**दोश्रो चरणः वडास्तरीय परामर्श**

सर्वप्रथम, स्वीकृत कार्ययोजना बमोजिम आवधिक योजना तर्जुमाको लागि सम्बन्धित वडा समितिको पहलमा वडास्तरीय परामर्श बैठकहरू सञ्चालन गर्नु पर्नेछ। यसका लागि स्थानीय जनताको प्रतिनिधिमूलक सहभागिताको लागि सर्वप्रथम सामुदायिक संस्था, टोल विकास संस्था, सहकारी, सामुदायिक वन उपभोक्ता समूह, खानेपानी उपभोक्ता समूह, महिला समूह, आमा समूह, सामुदायिक विद्यालय, वडामा क्रियाशिल संघ संस्थाहरू, बाल क्लव, निजी क्षेत्र, राजनीतिक दलका वडास्तरीय प्रतिनिधि लगायतका सरोकारवालाहरूसँग परामर्श गर्नु पर्नेछ। उक्त परामर्शबाट द्वितीय स्रोतबाट प्राप्त हुन नसकेका आधारभूत सूचनाहरू सङ्कलन गर्ने, समस्या तथा चुनौति र अवसरहरू पहिचान गर्ने, मुख्य मुख्य मुद्दा र योजना तथा कार्यक्रमहरू पहिचान गर्ने लगायतका कार्यहरू गर्नु पर्नेछ। यी परामर्श बैठकहरू कोभिड १९ सम्बन्धी सरकारले जारी गरेका सूचना र मापदण्डहरूको पालना गरी सञ्चालन गर्नु पर्नेछ। यी बैठकहरू स्थानीय परिस्थिति अनुसार प्रत्यक्ष र भर्चुअलमध्ये कुनै एक वा दुबै हुन सक्नेछन्। यस्ता बैठकको सङ्ख्या पनि एक वा एकभन्दा बढी हुन सक्नेछ।



आमाछोदिङमो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोल्जुङवेंसी, रसुवा

दोश्रोमा, सरोकारवालाहरूको बैठकबाट पर्याप्त सूचना प्राप्त नभएमा थप सूचना प्राप्त गर्न वा प्राप्त सूचनाहरूको पुष्टिको लागि एक वा एकभन्दा बढी प्रमुख सूचनादाता अन्तरवार्ता र लक्षित समूह छलफल गर्नु पर्नेछ। यस्ता अन्तरवार्ता र छलफल प्रत्यक्ष र भर्जुअलमध्ये कुनै एक वा दुबै हुन सक्नेछ। यस बाहेक पीआरएका अन्य औजारको प्रयोग गरी आवश्यक सूचना सङ्कलन गर्न सकिनेछ।

तेश्रोमा, सरोकारवालाहरू, प्रमुख सूचनादाता र लक्षित सूमहबाट प्राप्त जानकारी तथा पहिलो चरणमा गरिएको दस्तावेजहरूको समीक्षाबाट प्राप्त तथ्याङ्क र जानकारीसमेतलाई विश्लेषण गरी वडा समितिको बैठकमा छलफलको लागि प्रस्तुत गर्नु पर्नेछ। वडा समितिले वडा प्रतिनिधिहरू, वडा समितिका कर्मचारीहरू, वडामा रहेका सेवा प्रदायक संस्थाहरू र विषय विज्ञहरूलाई आमन्त्रण गर्नेछ। उक्त छलफलमा वडास्तरीय वस्तुस्थिति, समस्या, चुनौती, अवसर, क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख योजना तथा कार्यक्रमहरूका सम्बन्धमा छलफल गर्नु पर्नेछ।

चौथोमा, सबै वडाहरूबाट प्राप्त तथ्याङ्क र सुझावहरूको आधारमा वस्तुगत अवस्था झल्काउने जिआइएस नक्शाहरू तयार गर्नु पर्नेछ। जिआइएस नक्शा तयार हुन नसकेमा गुगल म्यापको प्रयोग गरी आवश्यक नक्शाहरू तयार गर्न सकिनेछ। गुगल म्यापबाट तयार हुनु नसकेका नक्शाहरू हातैले रेखाङ्कन गरी खेस्रा नक्शा (स्केच म्याप) तयार गर्न सकिनेछ। यी नक्शाहरूको मुख्य उद्देश्य स्थानीय तहको विद्यमान वस्तुगत अवस्था नक्शामा उतार्नु हुनेछ।

**तेश्रो चरणः विषय क्षेत्रगत समिति र अन्य उपसमितिहरूसँग परामर्श**

यस चरणमा सर्वप्रथम, वडास्तरीय परामर्शबाट प्राप्त सुझावहरूलाई समावेश गरी विषय क्षेत्रगत अवस्था, समस्या, चुनौती, अवसर, क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख योजना तथा कार्यक्रमहरू तयार गरी विषय क्षेत्रगत समिति र अन्य उपसमितिहरूसँग परामर्शका लागि प्रस्तुत गर्नु पर्नेछ। त्यसपछि, उक्त समितिहरूबाट प्राप्त सुझावहरूलाई समावेश गरी प्रस्तुत गरिएका सामग्रीहरूलाई परिमार्जन गर्नु पर्नेछ।

**चौथो चरणः पालिकास्तरीय परामर्श र परिमार्जन**

यस चरणमा सर्वप्रथम, विषय क्षेत्रगत समिति र उपसमितिहरूको सुझाव बमोजिम तयार गरिएको विषय क्षेत्रगत अवस्था, समस्या, चुनौती, अवसर, क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख योजना तथा कार्यक्रमहरू समेटी आवधिक योजनाको पहिलो मस्यौदा तयार गरी निर्देशक समितिसमक्ष परामर्शको लागि प्रस्तुत गर्नु पर्नेछ। निर्देशक समितिले आफू र विषयक्षेत्रगत समितिका प्रतिनिधिहरू, कार्यपालिकाका सदस्यहरू, राजनीतिक दलका प्रतिनिधिहरू, निजी क्षेत्रका प्रतिनिधिहरू, सहकारीका प्रतिनिधिहरू, संघीय र प्रदेश सभाका माननीय सदस्यहरू, संघ संस्थाको प्रतिनिधि र विज्ञ लगायतका सरोकारवालाहरूको सँयुक्त बैठकको आयोजना गर्नेछ। निर्देशक समितिको निर्णय अनुसार यस्तो बैठक एक वा एकभन्दा बढी पटक तथा प्रत्यक्ष वा भर्चुअल मध्ये कुनै एक वा दुबै हुन सक्नेछ। उक्त बैठकमा परामर्शदाताले मस्यौदा प्रतिवेदन प्रस्तुत गर्नु पर्नेछ। उक्त बैठकमा अवस्था हेरी खुल्ला वा समूह छलफल हुन सक्नेछ। मस्यौदा प्रतिवेदनमा उल्लिखित विषयहरूमा गहन छलफल गरी त्यसलाई यथार्थपरक, व्यवहारिक, सरल र थप स्पष्ट बनाउनु उक्त परामर्शको उद्देश्य हुनेछ। मस्यौदा प्रतिवेदनमाथि सुझाव र प्रतिक्रियाको लागि प्रदेश नीति तथा योजना आयोगमासमेत पेश गर्नु पर्नेछ।

दोश्रोमा, निर्देशक समितिको आयोजनामा भएको बैठक र प्रदेश नीति तथा योजना आयोगबाट प्राप्त सुझाव र प्रतिक्रियालाई समावेश गरी आवधिक योजनाको दोश्रो मस्यौदा र मध्यमकालीन खर्च संरचनाको पहिलो मस्यौदा सम्बन्धित निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ। निर्देशक समितिले आवश्यक भए थप छलफल गर्न सक्ने छ। त्यसपछि निर्देशक समितिले मस्यौदालाई थप छलफल र स्वीकृतिको लागि कार्यपालिका समक्ष पेश गर्ने सिफारिस गर्नेछ। निर्देशक समितिले उक्त प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगलाई सुझावको लागि पठाउनेछ।



आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

तेश्रोमा, निर्देशक समितिको सिफारिस बमोजिम परामर्शदाताले दुबै प्रतिवेदनको परिमार्जित मस्यौदालाई कार्यपालिकाका पदाधिकारी, सदस्य र कर्मचारीहरूको संयुक्त बैठकमा पेश गर्नु पर्नेछ। उक्त बैठकबाट प्राप्त सुझावहरू तथा प्रदेश नीति तथा योजना आयोगबाट दोश्रो पटक प्राप्त सुझावहरूलाई समावेस गरी दुबै प्रतिवेदनको अन्तिम मस्यौदालाई कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

## ५. परामर्शदाताको योग्यता

परामर्शदाताको टोलीमा कम्तिमा ४ जना विज्ञहरू रहनु पर्नेछ। चारमध्ये १ जना योजनाविद्, १ जना पूर्वाधार विशेषज्ञ (सिभिल इन्जिनियर), १ जना सामाजिक-आर्थिक तथा सार्वजनिक वित्तको विज्ञ र १ जना जिआइएस प्राविधिक हुनु पर्नेछ। चारमध्ये एकजना टोली प्रमुख र बाँकी सदस्यहरू हुनु पर्नेछ। चारजनामध्ये टोली प्रमुख र अन्य १ जनाको शैक्षिक योग्यता स्नातकोत्तर वा सोभन्दा माथिको हुनु पर्नेछ भने बाँकी १ जना र जिआइएस प्राविधिकको शैक्षिक योग्यता कम्तिमा स्नातक तहको हुनु पर्नेछ। विज्ञहरूको कम्तिमा ५ वर्षको सम्बन्धित काममा अनुभव भएको हुनुपर्नेछ। जिआइएस प्राविधिकको कम्तिमा १ वर्षको अनुभव भएको हुनु पर्नेछ।

## ६. प्रस्ताव पेश

प्रचलित कानुन बमोजिम स्थापित इच्छुक फर्म, कम्पनी वा संघ संस्थाहरूले प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नु पर्नेछ। प्राविधिक प्रस्तावमा (क) प्रस्तावकको संक्षिप्त प्रोफाइल [अङ्ग्रेजी फन्ट भए १० पोइन्ट, प्रिति फन्ट भए १४ र युनिकोड मंगल वा कान्तिपुर फन्ट भए १० पोइन्टमा बढीमा 5 पृष्ठ], (ख) आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमाको चरण, विधि र औजारहरूको प्रस्ताव [कार्यविवरणमा उल्लेख भए अनुसार नै हुने भए "कार्यविवरण अनुसार हुनेछ" भन्ने उल्लेख हुनुपर्ने र सोभन्दा फरक भए छुट्टै उल्लेख गर्ने र पृष्ठ सङ्ख्या आवश्यकता अनसार हुन सक्ने] र (ग) योजना तर्जुमाको लागि प्रस्तावित विज्ञ टोलीको सूची, सम्बन्धित विज्ञको शिक्षा, विशेषज्ञता र अनुभव झल्कने व्यक्तिगत विवरण र त्यसलाई पुष्टि गर्ने कागजात सहित पेश गरेको हुनु पर्नेछ। व्यक्तिगत विवरणको अन्तमा "यसमा लेखिएको विवरण सही साँचो हो र फरक परे कानुन बमोजिम सहुँला बुझाउला" लेखी सम्बन्धित व्यक्तिको हस्ताक्षर भएको हुनु पर्नेछ।

## ७. अभिमुखीकरण र सहयोग

...आमाछोदिङमोगाउँपालिकाले प्रदेश नीति तथा योजना आयोग र प्रादेशिक सुशासन केन्द्रको सहयोगमा परामर्शदातालाई आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमासम्बन्धी आवश्यक तालिम र अभिमुखीकरण र अन्य सहयोगको व्यवस्था मिलाउनेछ।

## ८. मुख्य जिम्मेवारी

**आमाछोदिङमो गाउँपालिकाको मुख्य जिम्मेवारी**

१. आवश्यक तथ्याङ्क, सूचना, जानकारी र निर्देशनहरू उपलब्ध गराउने र सोको लागि आवश्यक समन्वय गरिदिने।
२. प्रदेश नीति तथा योजना आयोग र प्रदेश सुशासन केन्द्रको सुझाव समेतलाई समावेश गरी कार्ययोजना स्वीकृत गर्ने, परामर्श बैठकहरू आयोजना गर्ने र गराउन वडा समिति र सरोकारवालाहरूसँग समन्वय गरिदिने।
३. मस्यौदा प्रतिवेदनमा छलफल गरी आवश्यक सुझाव र निर्देशनहरू उपलब्ध गराउने।
४. कार्यविवरण अनुसार कार्यसम्पादन गर्न परामर्शदातालाई आवश्यक सहयोग गर्ने।
५. संझौता बमोजिम परामर्शदातालाई पारिश्रमिक उपलब्ध गराउने।

**प्रदेश नीति तथा योजना आयोगको जिम्मेवारी**

१. परामर्शदातालाई आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमाका सम्बन्धमा आवश्यक तालिम, अभिमुखीकरण, फारमहरू, द्वितीय तहको तथ्याङ्क र मार्गदर्शन प्रदान गर्ने।
२. परामर्शदाताले सम्पादन गरेको कार्यको सुपरीवेक्षण र अनुगमन गरी आवश्यक सुझाव प्रदान गर्ने।
३. आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमाका सम्बन्धमा निकायगत समन्वय गर्ने।
४. आवधिक योजना र मध्यमकालीन खर्च संरचना तोकिएको विधि र मापदण्ड अनुसार तयार भएको र गुणस्तर कायम भएको कुरा सुनिश्चित गर्ने।
५. आवधिक योजना र मध्यमकालीन खर्च संरचनाको अन्तिम प्रतिवेदन प्राप्त भएपछि परामर्शदातालाई अन्तिम भुक्तानीको लागि सिफारिस गर्ने।

**प्रदेश सुशासन केन्द्रको जिम्मेवारी**

१. आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमाका सम्बन्धमा आवश्यक सहयोग र सुझाव प्रदान गर्ने।
२. सम्पादन भएका कार्यहरूको सुपरीवेक्षण, अनुगमन र समन्वयका कार्यहरूमा सक्रिय सहभागी हुने।
३. आवधिक योजना र मध्यमकालीन खर्च संरचनाको अन्तिम प्रतिवेदन प्राप्त भएको व्यहोरासहितको लिखित जानकारी आमाछोदिङमो गाउँपालिका र प्रदेश नीति तथा योजना आयोगबाट प्राप्त भएपछि संझौता बमोजिमको पारिश्रमिक परामर्शदातालाई उपलब्ध गराउने।

**परामर्शदाताको जिम्मेवारी**

१. आयोजित तालिम, अभिमुखीकरण र अन्तरक्रियाहरूमा सक्रिय सहभागी हुने।
२. आफूले सम्पादन गर्ने कार्यको समय-सीमासहितको कार्ययोजना तर्जुमा गर्ने।
३. कार्य विवरण र कार्ययोजना अनुरूप कार्य सम्पादन गर्ने।
४. छलफल, परामर्श बैठक आदिमा प्रस्तुति गर्ने र सोको सहजीकरण गर्ने।
५. कार्यपालिका, निर्देशक समिति, प्रदेश नीति तथा योजना आयोग र प्रदेश सुशासन केन्द्रले दिएका सुझाव र निर्देशनहरूको पालना गर्ने।
६. आवधिक योजना र मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदाको विद्युतीय र कम्प्युटर प्रिन्ट कपी २ थान नगरपालिका/गाउँपालिका समक्ष र सोको विद्युतीय कपी प्रदेश नीति तथा योजना आयोग र प्रदेश सुशासन केन्द्र समक्ष पेश गर्ने।
७. कार्य सम्पादन गर्दा कोभिड १९ का सम्बन्धमा सरकाले जारी गरेका सूचना र प्रोटोकलहरूको पालना गर्ने।

## ९. पारिश्रमिक र सोको भुक्तानी प्रकृया

आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि परामर्शदातालाई पारिश्रमिक वापत मूल्यअभिबृद्धि करसहित एकमुष्ठ रू. **१४५४८५०।– अक्षरमा चौध लाख चौवन्न हजार आठ सय पचास रुपैयाँ** मा नबढ्ने गरी संझौता बमोजिम दुई किस्तामा उपलब्ध गराइनेछ। आवधिक योजनाको दोश्रो मस्यौदा र मध्यमकालीन खर्च संरचनाको पहिलो मस्यौदा प्राप्त भएपछि संझौता बमोजिम पहिलो किस्ता आमाछोदिङमोगाउँपालिकाले रु ४५४५८०।– अक्षरमा चारलाख चौवन्न हजार पाँच सय असी रुपैयाँ नियमानुसार उपलब्ध गराउनेछ र अन्तिम मस्यौदा प्राप्त भएपछि आमाछोदिङमोगाउँपालिका र प्रदेश नीति तथा योजना आयोगको

सिफारिसमा प्रदेश सुशासन केन्द्रले बाँकी रकम १०,००००।– दश लाख रुपैयाँ उपलब्ध गराउनेछ। पारिश्रमिक उपलब्ध गराउँदा प्रचलित कानुन बमोजिम लाग्ने कर कट्टा गरेर मात्र उपलब्ध गराउनेछ।

## १०. समय सीमा

२०७८ बैशाख मसान्तभित्र आवधिक योजना र मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा पेश गरिसक्नु पर्नेछ।